प्रदेश सरकार
# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल
फोनः ०२१-४७०१४३
email: molmacbiratnagar@gmail.com

पत्र संख्याः- ०७९/८०
चलानी नं.:- ६८४

मितिः २०७९/१२/०२

**श्री स्थानिय तहहरु सबै,**

**कोशी प्रदेश।**

विषय : <u>रसायनिक मलको मूल्य समायोजन सम्बन्धमा ।</u>

उपरोक्त विषयमा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको च.नं. १०७ मिति २०७९/११/२९ को पत्रानुसार अनुदानमा उपलब्ध गराउने रासायनिक मलको आयात विन्दुका लागि नयाँ मूल्य समायोजन भएको सन्दर्भमा सहकारी तथा अन्य संघ संस्थाहरुले नयाँ मुल्य कायम हुनु भन्दा अगाडि कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. मार्फत खरिद गरिएको तर कृषकहरुलाई विक्री वितरण गर्न बाँकी रहेको मल साविक कै मूल्य बमोजिम विक्री / वितरण गर्ने व्यवस्था मिलाउनका लागि तहाँ पालिकाहरु मार्फत आवश्यक सहजिकरणका लागि अनुरोध छ ।

.............................
डा. दीपा दिवाली
महाशाखा प्रमुख

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

मिति: २०७९।११।२९

**बिषय: रासायनिक मलको अनुदानित मूल्य समायोजन सम्बन्धि प्रेस विज्ञप्ती**

१.नेपालमा रासायनिक मलको व्यवहारिक आवश्यकता ५ लाख २० हजार मे.टन रहेको अनुमान गरिएको छ । लागत सहभागितमा कृषकहरुलाइ रासायनिक मलमा अनुदान उपलव्ध गराउने प्रयोजनार्थ चालु आ.व. २०७९/८० मा रु. १५ अर्ब ६ लाख बजेट शुरु विनियोजन भएको र मिति २०७९/०४/२७ मा अर्थ मन्त्रालयबाट रु.१६ अर्ब स्रोत सुनिश्चितता र मिति २०७९/११/८ मा रु. ७ अर्ब ५० करोडको स्रोत सहमति प्रदान गरि कुल रु. ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

२.चालु आर्थिक वर्षमा विनियोजित र शुरु स्रोत सुनिश्चितता भएको गरी उपलव्ध रु. ३१ अर्ब बजेटवाट हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडवाट G-G विधिवाट भारत सरकारवाट खरिद गरिएको ३० हजार मे.टन सहित जम्मा ३ लाख ३१ हजार ५०० मे.टन रासायनिक मलको खरिद व्यवस्था भइ हालसम्म करिव २ लाख ३७ हजार ५०० मे.टन आयात भइसकेको र बाँकी ९४ हजार मे.टन आयातको क्रममा रहेको अवस्था रहेको छ भने आगामी मुख्य सिजनको धानवालीका लागि करिव ९० हजार मे.टन मल नपुग हुने देखिएको छ । मुख्य बालीको रुपमा रहेको धानका लागि मलको अभाव नहोस् भनी पछिल्लो पटक मिति २०७९/११/८ मा स्रोत सुनिश्चितता प्राप्त भएको रु. ७ अर्ब ५० करोडवाट थप मल व्यवस्था गर्न मन्त्रालय प्रयासरत रहेको छ।

३. अन्तराष्ट्रियस्तरमा रासायनिक मलको मूल्यमा वृद्धि हुनको साथै विनिमय दरमा भएको बृद्धिले नेपाल सरकारले अनुदानमा उपलव्ध गराउने मलको लागत मूल्य अत्याधिक रुपले वढ्न गएको छ। मलको निरन्तर बढ्दो खरिद लागत तर न्यून विक्री मूल्यले गर्दा अनुदान रकममा नेपाल सरकारले धेरै नै बजेट खर्चिन पर्ने अवस्था आएको छ। तोकिएको सिमा भित्रको बजेटबाट निरन्तर बढ्दो मूल्यको मल अनुदानमा उपलव्ध गराउनुपर्दा बजेटको आकार निरन्तर बढेतापनि सो अनुपातमा मल आयातको परिमाण वृध्दि हुन सकिरहेको छैन ।

४. हाल रासायनिक मलमा दिदै आएको अनुदानको दर ८० प्रतिशतसम्म रहँदै आएको छ । आयात विन्दुमा युरिया रु. १४/- प्रति के.जी, डि.ए.पि. रु. ४३/- प्रति के.जी र पोटास रु. ३१/- प्रति के.जी विक्री प्रयोजनका लागि तोकिएको अवस्था छ जसअनुसार पछिल्लो खरिद मूल्यको आधारमा युरियामा करिव ८० प्रतिशत, डि.ए.पि. मा करिव ६० प्रतिशत र पोटासमा करिव ५९ प्रतिशत अनुदान रहँदै आएको छ । उपरोक्तानुसारको अनुदान दरले विनियोजित बजेटवाट आवश्यक परिमाणमा मल आयात व्यवस्थापन हुन सकिरहेको छैन ।

५. प्रस्तुत सन्दर्भमा रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तरराष्ट्रिय मूल्य र तद्अनुरुप रासायनिक मलमा वढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको प.सं. २०७९/८०, च.नं. ३१२-०३-०३/७७७, मिति २०७९/११/०८ को पत्रानुसार स्रोत सुनिश्चित गर्दाको सर्तको रुपमा रासायनिक मलमा दिइँदै आएको अनुदानलाइ लागतको ५० प्रतिशतमा सिमित राख्न दिएको राय, मलको वितगदेखिको मूल्यको बृद्धिदर तथा अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको विनिमयदरमा आएको कमी, नेपाली बजारमा भारतबाट अनौपचारिक रुपमा आयात भएको मलको विक्री मूल्य, अनुगमनका क्रममा कृषकहरुले दिएको सुझाव र नेपाल सरकारले यस आ.व. मा विनियोजित तथा स्रोत सुनिश्चित गरेको जम्मा बजेटलाई मध्यनजर गर्दै अनुदानमा उपलव्ध गराउने रासायनिक मलको आयात विन्दुको लागि देहाय वमोजिम मूल्य निर्धारण सहित अनुदानित मूल्य समायोजन गर्ने सम्वन्धमा विभागिय मन्त्रीस्तरको मिति २०७९।११।२६ को निर्णयानुसार देहायबमोजिम मिति २०७९।११।२९ गते मध्यान्ह १२.०० बजेदेखि आयात

ईमेल: info@moald.gov.np, वेबसाईट: www.moald.gov.np

CamScanner

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

विन्दु मूल्य कार्यान्वयन हुने गरि मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको मिति २०७९।११।२९ गतेको बैठकवाट निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

आयात विन्दुहरुको नयाँ विक्री मूल्य

युरिया- रु. २५ प्रति के.जी

डि.ए.पि- रु. ५० प्रति के.जी

पोटास- रु. ४० प्रति के.जी

६. रासायनिक मलमा यसअघिको अनुदान र आजको निर्णयानुसारको अनुदान दर र फरक सम्वन्धि विवरण तलको तालिकामा दिइएको छ ।जस अनुसार मलमा यसअघि समग्रमा ७०.८२ प्रतिशत अनुदान रहेकोमा अव समग्रमा ५९.०४ प्रतिशतमा कायम रहेको छ ।जस अनुसार साविकको तुलनामा करिव ११.८ प्रतिशत मात्र अनुदानित मूल्य समायोजन हुने देखिन्छ । यस दरलाइ अर्थ मन्त्रालयको निर्देशानुसार क्रमश: ५० प्रतिशतसम्म कायम गर्दै लगिनेछ ।

| मलको प्रकार | कुल आयातमा हिस्सा (प्रतिशत) | मिति २०७९।११।२६ अघिको विक्री मुल्य प्रति के.जी | अनुदान प्रतिशत | मिति २०७९।११।२६ को निर्णयानुसार कायम हुने विक्री मुल्य प्रति के.जी | अनुदान प्रतिशत | आजको निर्णयानुसार साविकको तुलनामा न्यून हुने अनुदान प्रतिशत |
|---|---|---|---|---|---|---|
| युरिया | ५६ | १४ | ८०.११ | २५ | ६४.४९ | १५.६३ |
| डीएपी | ४२ | ४३ | ५९.०४ | ५० | ५२.३८ | ६.६७ |
| पोटास | २ | ३१ | ५८.२ | ४० | ४६.०९ | १२.१३ |
| जम्मा | १०० | | समग्र:७०.८२ | | समग्र५९.०४ | समग्र: ११.७८ |

७.अनुदानित मल आवश्यकता अनुसार उपलब्ध हुन नसक्दा कृषकहरुले कमशल तथा महंगो मल खरिद गर्नु पर्ने वाध्यता रहेको र अनुदानित मल सस्तो भएकोले कालोबजारी बढेको गुनासो समेत सम्वोधन गर्न यस निर्णयले मद्दत पुग्ने ।

८. साथै यस निर्णय हुनुपूर्व सहकारी/डिलरहरुले कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.वाट साविकको मूल्यमा खरिद गरेका मल साविककै अनुदानित मूल्य बमोजिम मलको विक्री वितरण व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सवै स्थानीय तहहरुलाइ र उक्त मूल्य बमोजिम मलको विक्री वितरण र मूल्य अनुगमनका लागि गृह मन्त्रालयमार्फत सवै जिल्ला प्रशासन कार्यालयहरुलाइ अनुरोध गर्ने समेत मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको मिति २०७९।११।२९ गतेको बैठकवाट निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०७९।११।२९

(प्रकाशकुमार सन्जेल)
सह-सचिव /प्रवक्ता

इमेल: info@moald.gov.np, वेवसाइट: www.moald.gov.np

CS CamScanner